प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रमहरुमा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिश भई तोकिएको म्याद भित्र भर्ना हुन नगई रिक्त रहेको कोटाको विवरण पेश गर्ने सम्वन्धी शिक्षण संस्थाहरुलाई अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७६।०५।२१)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट वर्गिकृत (निःशुल्क) छात्रवृत्ति कोटामा अध्ययन गर्न शिक्षण संस्थामा भर्ना हुन जान सिफारिश भएका मुख्य परीक्षार्थीहरु तोकिएको म्याद भित्र भर्ना हुन नगई कोटा रिक्त रहन आउने कोटामा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(दोश्रो संशोधन) बमोजिम बैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट परिषद्, प.नि.का.बाट योग्यताक्रमानुसार मुख्य परिक्षार्थी छनौट गरी शिक्षण संस्था तोकि भर्नाका लागि सिफारिश गरी पठाउनुपर्ने प्रावधान रहेकोले सम्वन्धित शिक्षण संस्थाले रिक्त रहेको कार्यक्रम, तोकिएको मितिसम्म भर्ना हुन नजाने परीक्षार्थीको नाम, थर र लक्षित बर्ग समेत उल्लेख गरी सम्वन्धित परिषद्को प्रदेश कार्यालयलाई अनिवार्य रुपमा ३ दिन भित्र तल उल्लेखित ठेगानामा पत्र स्क्यान गरी लिखित जानकारी गराउन अनुरोध छ। साथै उक्त पत्र परिषद्, प.नि.का.को इमेल oce.ctevt@gmail.com मा बोधार्थ पठाउनु हुन समेत अनुरोध छ।

परिषद् प्रदेश नं १ को इमेल ठेगाना : erroitahari@gmail.com<br>
परिषद् प्रदेश नं २ को इमेल ठेगाना : ctevt.province2@gmail.com<br>
परिषद् प्रदेश नं ३ को इमेल ठेगाना : proviencectevt3@gmail.com<br>
परिषद् गण्डकी प्रदेशको इमेल ठेगाना : bhuvaneshord@gmail.com<br>
परिषद् प्रदेश नं ५ को इमेल ठेगाना : ctevtprovince5@gmail.com<br>
परिषद् कर्णाली प्रदेशको इमेल ठेगाना : ctevt.karnali@gmail.com<br>
परिषद् सुदुर पश्चिम प्रदेशको इमेल ठेगाना : k1bhatta@yahoo.com

तोकिएको मितिभित्र सम्वन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्वन्धी विवरणको जानकारी पेश नगरेमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(दोश्रो संशोधन) को बुंदा नं ७.१.५ र ७.१.६ बमोजिम भैजाने व्यहोरा समेत सूचित गरिन्छ।

नोट : यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ।

**परीक्षा नियन्त्रक**